## जिल्ला विपद् व्यवस्थापन समितिको २०७७ असोज २३ गते बसेको बैठकबाट भएका निर्णयहरु

१. जिल्लाको समग्र कोभिड-१९ को अवस्थाका बारेमा गजेन्द्रनारायण सिह अस्पतालका निमित्त प्र.मे.सु डाक्टर श्री रणजित कुमार झा र स्वास्थ्य कार्यालयका निमित्त प्रमुख श्री दुनियालाल यादवबाट बैठकमा जानकारी गराइयो ।उक्त अवस्थाको विश्लेषण पश्चात सक्रामक रोगको जोखिम फैलिन सक्ने सम्भावना बाँकी नै रहेकाले सो सम्भावनालाई न्यूनीकरण गर्न आ-आफ्नो तर्फबाट भईरहेका काम कारवाहीलाई थप व्यवस्थित तथा प्रभावकारी बनाउने ।

२. जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP),२०७६ संशोधनका लागि जिल्ला प्रशासन कार्यालय र जिल्ला आपतकालीन कार्य संचालन केन्द्रले तयार गरी सबै पालिका लगायतका अन्य सरोकारवाला निकायहरुमा पठाएको मस्यौदा प्रतिकार्य योजना माथि बैठकमा छलफल भयो । सो छलफलका क्रममा उठेका कुराहरुलाई समावेश गर्दै प्रस्तुत विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP), २०७७ पारित गरियो ।

३. कोभिड-१९ संक्रामक रोगको जोखिम बढीरहेको र आगामि दिनमा समेत यसले झनै असर पार्न सक्ने सम्भावनालाई आकलन गरी नजिकिदै गरेको आआफ्नो धर्म, संस्कृति, प्रथा, परम्पराअनुसारका चाडपर्व मनाउँदा सजगता अपनाई स्वास्थ्य सुरक्षाका मापदण्ड अनुरुप आ-आफ्नो घरभित्रै मनाउन सम्बन्धित पालिकाहरुले स्थानीय एफएम रेडियो, पत्रपत्रिका तथा वडा सदस्यहरुमार्फत समुदायमा सूचना प्रवाह गर्ने ।

४. नेपाल सरकार, मन्त्रीपरिषद्बाट अन्यथा निर्णय भई आएमा सोही अनुसार हुने गरी हालको अवस्थामा मठमन्दिर, शिवालय, मस्जिदजस्ता धार्मिक आस्थाका केन्द्रहरुमा नित्यपूजा वाहेकका अन्य कार्यहरु कोभिड-१९ को सक्रमण फैलिए देखि नै बन्द रहिरहेकोमा सो कार्यलाई आगामि चाडपर्वका समयमा समेत निरन्तरता दिने ।

५. मेला, जात्रा तथा सम्बन्धित पालिकाहरुमा संचालनमा रहेका हाट बजारजस्ता मानिसका भिडभाड हुने स्थानहरु बन्द रही रहेकोमा सो कार्यलाइ कोभिड-१९ सक्रामक रोगको जोखिम रहेसम्म वा नेपाल सरकारबाट अन्यथा निर्णय नभए सम्मका लागि निरन्तरता दिने ।

निर्णय प्रमाणित

०७७/६/२३

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सप्तरी, राजबिराज

६. आगामि मंसिर, पुष र माघ महिनामा हुन सक्ने शितलहरलाई आकलन गरी शितलहरबाट पर्न सक्ने सम्भावित असरलाई न्यूनीकरण गर्न सबै पालिकाका विपद् व्यवस्थापन समिति तथा जिल्ला आपत्कालिन कार्य संचालन केन्द्रले शितलहर सम्बन्धी आपत्कालिन कार्य योजना बनाउने ।

७. शितलहरबाट प्रभावित हुन सक्ने संभावित अत्यन्त गरीब एवं संकटासन्न व्यक्ति/परिवारको सम्पूर्ण पालिकाहरुले अद्यावधिक लगत संकलन गरी तयारी राख्ने ।

८. व्यवस्थित स्तरमा आफ्नै घर कम्पाउण्ड वा नजिकै माटोको मुर्ति बनाई पूजा पाठ गर्ने गराउनेलाई स्थानिय तह एवं सुरक्षा निकायहरुले सम्झाई बुझाई सकेसम्म त्यस प्रकारको कार्य हुन गर्न नदिने । गर्नु नै पर्ने भएमा छरछिमेकी गाउँले भेला नगरी व्यक्तिगत स्तरमा मात्र एवं नेपाल सरकार तत्कालिन निर्णयहरु विपरीत नहुने गरी मात्र त्यस्तो कार्य सम्पादन हुन गर्न दिने ।

९. चाडपर्वको समयमा ठुलो संख्यामा जिल्लावासीहरु घर आउने विगतको परम्परालाई दृष्टिगत गर्दै कोभिड-१९ संक्रमणलाई मध्यनजर राखी यसपालिको चाडवाड सकेसम्म यथास्थानमै मनाउन सबै पालिकाहरुले आ-आफ्नो क्षेत्रका नागरिकलाई उपयुक्त माध्यमद्वारा आह्वान गर्ने । तथापि, घर आइपुगेका नागरिकहरुलाई औचित्य हेरी होम क्वारेन्टिन वा सामुदायिक क्वारेन्टीनमा राख्न तथा घर बाहिर हिँडडुल हुन गर्न नदिन स्थानिय तहहरुले आफ्ना संयन्त्रहरु मार्फत उपयुक्त व्यवस्था मिलाउने । यस सन्दर्भमा नेपाल सरकारबाट कुनै निर्णय प्राप्त हुन आएमा सोही बमोजिम गर्ने/गराउने ।

१०. जिल्लामा कार्यरत सरकारी तथा गैरसरकारी निकाय, नेपाल रेडक्रस सोसाइटी लगायत मानविय सहायताको कार्यमा संलग्न संघ/संस्थाहरुले कोभिड-१९ संक्रामक रोगको जोखिम न्यूनीकरण, व्यवस्थापन तथा अन्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि आ-आफ्नो तर्फबाट सहयोग पुऱ्याउने ।

११. विपद्को दृष्टिकोणले यो जिल्ला जोखिमयुक्त रहेको तथ्यलाई दृष्टिगत गर्दै स्थानिय तहहरुसँगको समन्वयमा सशस्त्र प्रहरी बल ६ नं. गणले स्थानिय स्तरमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने/गराउने ।

निर्णय प्रमाणित
०७७/६/१४
प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सप्तरी, राजबिराज

१२. यस जिल्लामा १३ अक्टोबरलाई (असोज २७, २०७७) विपद् जोखिमका लागि **"विपद् जोखिम न्यूनीकरणमैत्री सुशासनः सुरक्षित भविष्यको लागि हाम्रो अभियान"** नाराका साथ सम्पूर्ण पालिकाहरु तथा विपद्का क्षेत्रमा कार्यरत संघ संस्थाहरुले कोभिड-१९ संक्रमणको जोखिमलाई मध्यनजर राखी उपयुक्त कार्यक्रमहरु तर्जुमा गरी सप्ताहव्यापी रुपमा विपद् जोखिम न्यूनीकरण सम्बन्धि अन्तर्राष्ट्रिय दिवस मनाउने ।

१३. जिल्लामा कोभिड-१९ संक्रमणको अवस्था तथा आगामी चाडपर्वको समयमा हुने सम्भावित ओहर/दोहर र भीडभाडका कारण जिल्लामा हाल भइरहेको परिक्षणको दायरा बढाउन उपयुक्त हुने देखिएकोले सोही अनुसार हुन श्री गृह मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गर्दै सोही अनुरुप VTM र किट (रिएजेन्ट) लगायतका सहयोग गरिदिन समेत संघ सरकार र प्रदेश नं. २ सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

प्रशासकीय अधिकृत